बैजनाथ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर बाँके

लुम्बिनी प्रदेश, नेपाल

**लक्षीत वर्गका वडा स्तरीय तथा पालिका स्तरीय सञ्जाल गठन तथा सहजिकरण कार्यविधि २०८०**

**प्रस्तावनाः**

समाजमा रहेका लैंगिक हिंसा विभिन्न दुर्व्यवहार विभेदमा कमि ल्याइ बैजनाथ गाउँपालिकाबाट लक्षित वर्गका लागि प्रवाह गरिने सेवामा सहजता ल्याइ सेवाको पँहुच वृद्‌दि गरि लक्षित वर्गका कार्यक्रम सहज रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि विभिन्न लक्षित वर्गका समूहहरुलाइ प्रत्येक्ष लाभ पुग्ने गरी कार्यक्रम गर्न यो कार्यविधि जारी गरिएको हो ।

**परिच्छेद-१ <u>प्रारम्भिक</u>**

१. संक्षिप्त नाम र प्रारम्भः

११ यो कार्यविधीको नाम लक्षित वर्गका वडा स्तरीय तथा पालिका स्तरीय संजाल गठन, कार्यक्रम संचालन र नियमन सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

१२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) गाउँपालिका भन्नाले बैजनाथ गाउँपालकाको कार्यालय सम्झनु पर्दछ ।

ख) वडा कार्यालय भन्नाले बैजनाथ गाउँपालिकाका वडा कार्यालय सम्झनु पर्दछ ।

ग) "आर्थिक प्रशासन शाखा" भन्नाले बैजनाथ गाउँपालकाको कार्यालयको आर्थिक प्रशासन शाखा सम्झनु पर्दछ ।

घ) " विपन्न भन्नाले वडाको सिफारिसमा यस गाउँपालिका भित्रका बसोबास गर्ने व्यक्तिहरु पर्ने छन् ।

ङ) आदिबासी जनजाती भन्नाले आफ्नै भाषा धर्म संस्कृती परम्परा रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने ज्ञानविज्ञानका हिसावले केही पछि परेका व्यक्तिहरु सम्झनु पर्नेछ ।

च) लक्षित बर्ग भन्नाले विपन्न आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी लोपोन्मुख यौनीक अल्पसंख्यक बादी समुदाय मधेशी मुस्लिम पिछडा वर्ग थारु लगायतका आर्थिक र सामाजिक रुपमा पछाडी परेको बर्ग सम्झनु पर्छ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

ज) " संजाल" भन्नाले यस गाउँपालिकाका अन्तर्गत प्रत्येक वडामा वडास्तरीय र सवै वडालाई समेटेर पालिकामा स्तरीइ संजाल सम्झनु ।

झ)"लैङ्गिक हिंसा" भन्नाले स्थलमा हुने यौनजन्य दुर्व्यवहार र सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसालाई सम्झनुपर्छ।

ञ) "सामाजिक विकास समिति" भन्नाले बैजनाथ गाउँपालिकाको सामाजिक विकास समितिलाई सम्झनुपर्छ।

ट) "महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा " भन्नाले बैजनाथ गाउँपालकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा लाई सम्झनुपर्छ।

ठ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधि बमोजिम स्थापना गरिएका वडा र पालिका स्तरीय संजाललाई सम्झनुपर्छ।

## परिच्छेद-२

<u>संजाल संचालनको उद्देश्य, तथा वडा र पालिका स्तरिय संजालको गठन तथा काम कर्तव्य र अधिकार</u>

३ संजाल संचालनको उद्देश्यः

क) विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्गविभिन्न निकायबाट संचालन गरिने विकासका क्रियाकलापमा पहुँच अभिवृद्धि तथा सहभागिता सुनिश्चित गर्ने,

ख) ) विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्गको सिप विकास र आय आर्जन का कार्यक्रममा प्रत्येक्ष लाभ पुग्ने गरी सहभागी गराउने ।

ग) गठन भएका विभिन्न संजालहरुले सामाजिक विकृति विसङ्गति, कुरिति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने,

घ) वडा समितिको मातहतमा रहने गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनमा सहभागिता गराउने,

ङ) लैंगिक हिंसा मुक्त गाउँपालिका स्थापित गर्ने,

च) लक्षित समुदाय लक्षित कार्यक्रम तय गर्न पहल गर्ने।

४.वडा स्तरिय संजाल गठनः

क. वडाभित्रका सवै टोल समेटी प्रत्येक वडामा लक्षित वर्गका अलग अलग तथा एकिकृत वडा स्तरिय संजाल गठन हुनेछ।

ख.उपदफा(१) बमोजिम गठन हुने संजालका पदाधिकारीहरुको सहमतिको आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकारी रहेको पद हेरफेर गर्न सक्नेछन्।

ग.संजालले टोल, वडा तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यन्वयन,कार्यक्रम संचालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन्।

५.वडा स्तरिय लक्षित वर्ग संजाल संचालक समितिको काम, कर्तव्य र अधिकारः

वडा स्तरिय लक्षित वर्ग संजाल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्गका विविध सवालहरुमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने

ख) विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्गका हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्ने ।

ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने।

घ) टोलमा हुने कुनै पनि प्रकारको लैंगिक हिंसा मा परेका विभिन्न आपतविपतमा परेका मानिसहरुलाई विभिन्न सहयोगका लागि तथा आपराधिक घटनाका विषयमा सत्यतथ्य सहित वडा तथा सम्बन्धीत निकायमा जानकारी गराउने

ङ) सभ्य, सुसंस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरी लागू गर्ने,

५. गाउँपालिका स्तरिय विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति थारु समुदाय बादी समुदाय युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्ग संजाल गठनः

६.१ आर्थिक, सामाजिक, लैङ्गिक, साँस्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न गाउँपालिका स्तरिय विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्गका संजाल गठन गरिनेछ।

६.२ उपदफा(१) बमोजिम गठन हुने संजालका पदाधिकारीहरु सम्पूर्ण वडा स्तरिय संजालका अध्यक्ष उपाध्यक्ष सचिव र कोषाध्यक्षहरुबाट आपसी सहमतिको आधारमा गाउँपालिकामा ९ देखि १५ सदस्य संजाल गठन हुनेछ । यसरी गठन भएका संजालको कार्यावधि गठन भएको मितिले १ वर्षको हुनेछ ।

६.३ संजालले वडा तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यन्वयन,कार्यक्रम संचालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन्।

६.४ गाउँपिलकामा वडा स्तरीय तथा पालिका स्तरीय संजाल दर्ता गरिनेछ।

७. गाउँपालिका स्तरीय संजाल संचालक समितिको काम, कर्तव्य र अधिकारः

७.१ विपन्न महिला आदिबासी जनजाती महिला दलित कमलरी अपांगता भएका व्यक्ति युवा किशोरकिशोरी यौनीक अल्पसंख्यक मधेशीमुस्लिम पिडीएका वर्ग लगायतका लक्षीत वर्गका अधिकार तथा विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

७.२ सिप विकास आयआर्जन तथा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँलिकालाई सिफारिस गर्ने।

७.३ गाउँपालिकालाई लैंगिक हिंसामुक्त गर्न पहल तथा सहयोग गर्ने ।

## परिच्छेद-३

संजाल सुचिकृत सम्बन्धमाः

८. संजाल सुचिकृत हुनुपर्नेः

८.१ प्रत्येक वडामा गठन हुने संजाल बैजनाथ गाउँपालिकामा दर्ता हुनुपर्नेछ ।

८.२ संजालको सदस्य हुनको लागि १८ वर्ष पुगेको नेपाली नागरिक हुनु पर्नेछ ।

८.३ फौजदारी अभियोग लागेका व्यक्ति संजालमा सदस्य हुन पाउने छैन।

८.४ उपदफा १ बमोजिम सूचिकृत हुनको लागि संजालले वडाको सिफारिस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम पालिका स्तरीय संजालका लागि अनुसुचि २ ढाँचा र संजाल दर्ता प्रमाणपत्र अनुसूची ३ बमोजिम हुनेछ।

८.५ कुनै संजालले यस कार्यविधिको उद्धेश्य विपरित कार्य गरेमा वा प्रचलित कानून बमोजिम गर्न नहुने कार्य गरेमा पालिकाले जुनसुकै बखत त्यस्तो संजाल खारेज गर्न सक्नेछ।

## परिच्छेद-४

संजालको कामः

९. गठन हुने संजालले देहाय बमोजिमको कार्यहरु गर्नेछनः

९. १सामाजिक सुधार सम्बद्ध नीतिको प्रभावकारी कार्यान्वयन गर्ने

९ .२ सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी लक्षित वर्गको उत्थानमा सहजिकरण गर्ने ।

९.३ गाउँपालिका तथा वडाबाट संचालित योजनामा सक्रिय सहभागिता जनाउने

९.४ अन्धविश्वास, कुरीति, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्या, विकृति, विसङ्गतीको पहिचान गरि सुधारका प्रयासहरु गर्ने

९.५ धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका विकृतिहरु बन्द गरी नमुना नगरको रुपमा स्थापित गर्दै लैजाने,

९.६ वडा तथा टोलमा सचेतनामूलक कार्यक्रम संचालन गरी सभ्य, सुसंस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने

९.७ समानतामा आधारित पहुँच, समतामूलक समाज निर्माणमा जोड दिई दिई लक्षित वर्गका अधिकारका विषयप्रति सचेत एवं चनाखो हुने,

९.८ विभिन्न कार्यक्रम मार्फत आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शनमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनमा सहयोग पर्याउने,

९.९ लक्षित वर्गका विभिन्न आयआर्जन र सिप विकासका कार्यक्रममा सहभागि हुने ।

## परिच्छेद-५

१0 <u>बित्तीय ब्यबस्थापन</u>

१०. १ वडा तथा पालिका स्तरीय संजालहरु पालिकामा सुचिकृत हुनु पर्नेछ ।

१०.२ सुचिकृत भएका संजालहरुसँग सम्झौताका आधारमा कार्यक्रमको प्रकृति बमोजिम नियमानुसार पेश्की रकम प्रदान गरिने छ ।

१० .३ कार्य सम्पन्न भएपछि आवश्यक विल भर्पाइका आधारमा नीजहरुको खातामा रकम जम्मा हुने गरी बजेट निकासा गरीनेछ ।

१० .४ अध्यक्ष सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा खाता संचालन हुनेछ ।

## परिच्छेद-६

### <u>विविध</u>

११ प्रगति प्रतिवेदनः वडा तथा गाउँपालिका स्तरिय संजालले गरेका कार्यक्रम बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

१२. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेका विषयहरुका हकमा प्रचलित कानून बमोजिम हुनेछ।साथै यस कार्यविधिमा उल्लेखित कुनै व्यहोरा संघ तथा लुम्विनी प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची १

संजाललाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
**बैजनाथ गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर बाँके ।

विषयः **लक्षित वर्ग वडा स्तरीय** संजाल दर्ता गरिपाँउ।

प्रस्तुत विषयमा यस **बैजनाथ गाउँपालका** वडा नं ------- मा गठन गरिएको तपशिल बमोजिमका पदाधिकारीहरु रहेको श्री.............................................. संजाललाई यस गाउँपालिका कार्यालयमा दर्ता गरि .............. संजाल दर्ता गरि प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः
अध्यक्षको नामः
संजालको नामः
ठेगानाः

**अनुसूचि २**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर बाँके ।

विषयः लक्षित वर्ग  गाउँपिलका स्तरीय संजाल दर्ता गरिपाँउ।

प्रस्तुत विषयमा यस बैजनाथ गाउँपालिकामा गठन गरिएको तपशिल बमोजिमका पदाधिकारीहरु रहेको श्री............................................ संजाललाई यस गाउँपालिका कार्यालयमा दर्ता गरि ............. संजाल दर्ता गरि प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः

अध्यक्षको नाम

संजालको नामः

ठेगानाः

## बैजनाथ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

रामपुर बाँके लुम्बिनी प्रदेश नेपाल

अनुसूची ३

कार्यविधिको दफा ८ सँग सम्वन्धित

## स्तरीय/ पालिका स्तरीय संजाल दर्ता प्रमाण पत्र ।

दर्ता नं

लक्षीत वर्गका वडा स्तरीय तथा पालिका स्तरीय सञ्जाल गठन तथा सहजिकरण कार्यविधि २०८० को दफा ८ बमोजिम यो संजाल दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

संजालको नाम ........................................................

ठेगाना ...................................................................

अध्यक्षको नाम थर ...............................................

संजाल को कामको प्रकृती ...............................

संजालमा सदस्य संख्या ..................................................................

...............................................

प्रमुख प्रशासकीय अधिकृत

संजालका पदाधिकारीको विवरण

| क्र. सं. | पदाधिकारी नाम थर | *पद* | *नागरिकता नं* | बुवा वा पतिको नाम | बाजे वा ससुराको नाम | हालको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |